# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ६) मुकामः बुटवल, साउन ३१ गते, २०७९ साल (अतिरिक्ताङ्क १२

## भाग ३

### प्रदेश सरकार

## आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयको सूचना

प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०७९।०४।३१ को निर्णयानुसार "प्रदेश विपद् व्यवस्थापन कार्य सञ्चालन (तेश्रो संशोधन) निर्देशिका, २०७९" सम्बन्धी सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ ।

### प्रदेश विपद् व्यवस्थापन कार्य सञ्चालन (तेश्रो संशोधन) निर्देशिका, २०७९

**प्रस्तावनाः** प्रदेश विपद् व्यवस्थापन कार्य सञ्चालन निर्देशिका,२०७६ मा संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रदेश सरकारले यो निर्देशिका बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम **"प्रदेश विपद् व्यवस्थापन कार्य सञ्चालन (तेस्रो संशोधन) निर्देशिका, २०७९"** रहेको छ ।

(२) यो निर्देशिका तुरून्त लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

(क) **"मुल निर्देशिका"** भन्नाले "प्रदेश विपद् व्यवस्थापन कार्य सञ्चालन निर्देशिका, २०७६" सम्झनुपर्छ ।

३. **मुल निर्देशिकाको दफा २ (झ) मा संशोधनः** (१) मूल निर्देशिकाको दफा २(झ) मा **"मन्त्रालय"** भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनुपर्छ को सट्टा **"मन्त्रालय"** भन्नाले प्रदेशमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी विषय हेर्ने मन्त्रालयलाई सम्झनुपर्छ भन्ने वाक्य राखिएको छ ।

३. **मुल निर्देशिकाको दफा २ (ज१) मा थपः** मुल निर्देशिकाको दफा २ मा देहायबमोजिमको खण्ड (ज१) थप गरिएको छ।

*“(ज१) **"खोज तथा उद्धार"** भन्नाले विपद्मा परी हराएका एवं जोखिममा रहेका व्यक्तिहरूको मानव संशाधन, विभिन्न यन्त्र उपकरण र साधनहरू प्रयोग गरी गरिने खोजी एवं उद्धार कार्यलाई*

*सम्झनुपर्छ । यसले हवाई उद्दार सम्बन्धी कार्यलाई समेत बुझाउछ।"*

४. **मुल निर्देशिकाको दफा ३ (१) (ञ) मा संशोधनः** "आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव" को सट्टा **"आन्तरिक मामिला, कानून तथा सञ्चार मन्त्रालयका सचिव"** भन्ने शब्दहरू राखिएका छन् ।

५. **मुल निर्देशिकाको दफा ३ (६) (क) मा संशोधनः "आन्तरिक मामिला तथा कानून मन्त्री"**को सट्टा **"आन्तरिक मामिला, कानून तथा सञ्चार मन्त्री"** भन्ने शब्दहरू राखिएका छन् ।

६. **मुल निर्देशिकाको दफा ३ (६) (ट) मा संशोधनः** "आन्तरिक मामिला तथा कानून मन्त्रालयका विपद् हेर्ने महाशाखा प्रमुख"को सट्टा **"आन्तरिक मामिला, कानून तथा सञ्चार मन्त्रालयका विपद् हेर्ने महाशाखा प्रमुख"** भन्ने शब्दहरू राखिएका छन् ।

७. **मुल निर्देशिकाको दफा १० (१) (क) मा संशोधनः** (१) मूल निर्देशिकाको दफा १० उपदफा (१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ ।

*"(क) कोषमा रहेको रकम विपद् पूर्वतयारी, खोज तथा उद्दार, राहत वितरण, प्रारम्भिक पुनर्स्थापना एवं विपद्बाट क्षतिग्रस्त भौतिक संरचनाको मर्मत, प्रवलीकरण, पुनर्निर्माण र विपद् प्रभावितको पुनर्स्थापनाको लागि मात्र खर्च गरिनेछ ।"*

८. **मूल निर्देशिकाको दफा १० को उपदफा (५) मा संशोधनः** (१) मूल निर्देशिकाको दफा १० को उपदफा (५) सट्टा देहायको उपदफा (५) राखिएको छ।

> *"(५) कोषको रकम खर्च गर्दा जुनसुकैबेला आइपर्नसक्ने विपद्को अवस्थालाई आँकलन गरी आकस्मिक रुपमा खोज तथा उद्दार गर्न, राहत उपलब्ध गराउन, प्रारम्भिक पुनर्स्थापना गर्न एवं विपद्बाट क्षतिग्रस्त भौतिक संरचनाको मर्मत, प्रवलीकरण, पुनर्निर्माण र पुनर्स्थापना गर्नको लागि कोषमा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिले तोके बमोजिमको न्यूनतम रकम रहने सूनिश्चितता गर्नुपर्नेछ ।"*

९. **मूल निर्देशिकाको दफा ११ को उपदफा (१) को खण्ड (क) मा संशोधनः** **"सचिव, आन्तरिक मामिला, तथा कानून मन्त्रालय"** को सट्टा **"सचिव, आन्तरिक मामिला, कानून तथा सञ्चार मन्त्रालय"** शब्दहरू राखिएका छन् ।

१०. **मूल निर्देशिकाको दफा ११ को उपदफा (१) को खण्ड (ग) मा संशोधनः** **"आन्तरिक मामिला तथा कानून मन्त्रालय"** को सट्टा **"आन्तरिक मामिला, कानून तथा सञ्चार मन्त्रालय"** भन्ने शब्दहरू राखिएका छन् ।

११. **मूल निर्देशिकाको दफा ११ को उपदफा (१) को खण्ड (ङ) मा संशोधनः** प्रमुख आर्थिक प्रशासन शाखा, पछाडि रहेका शब्दहरू

"आन्तरिक मामिला तथा कानून मन्त्रालय"को सट्टा "आन्तरिक मामिला, कानून तथा सञ्चार मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन् ।

**१२. मूल निर्देशिकाको दफा ११ को उपदफा (१) को खण्ड (च) मा संशोधनः** प्रमुख विपद् व्यवस्थापन समन्वय शाखा, पछाडि रहेका शब्दहरू **"आन्तरिक मामिला तथा कानून मन्त्रालय"**को सट्टा **"आन्तरिक मामिला, कानून तथा सञ्चार मन्त्रालय"** भन्ने शब्दहरू राखिएका छन् ।

**१३. मुल निर्देशिकाको दफा ११ को उपदफा (२) मा देहाय बमोजिमको खण्ड (घ१)** थप गरिएको छ।

*“(घ१) विपद्बाट प्रभावितको निजी आवास प्रवलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापनाको लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट अनुमोदन भई जिल्ला प्रशासन कार्यालयबाट माग भएबमोजिम प्रदेश सरकारले व्यहोर्नुपर्ने रकम सम्बन्धित जिल्ला विपद् व्यवस्थापन कोषमा पठाउने ।”*

**१४. मूल निर्देशिकाको दफा ११ को उपदफा (२) को खण्ड (ङ) मा संशोधनः** (१) मुल निर्देशिकाको दफा ११ को उपदफा (२) को खण्ड (ङ) सट्टा देहाय बमोजिमको खण्ड (ङ) राखिएको छ ।

*“(ङ) जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिबाट विपद् पूर्वतयारी, खोज तथा उद्दार, प्रारम्भिक पुनर्स्थापना एवं विपद्बाट क्षतिग्रस्त भौतिक संरचनाको मर्मत, प्रवलीकरण, पुनर्निर्माण र पुनर्स्थापना सम्बन्धी प्राप्त कार्यक्रमको मूल्याङ्कन गरी कार्यकारी समितिमा पेश गर्ने ।”*

१५. **मूल निर्देशिकाको दफा १२ को उपदफा (५) मा संशोधनः** (१) मुल निर्देशिकाको दफा १२ को उपदफा (५) सट्टा देहाय बमोजिमको उपदफा (५) राखिएको छ ।

*“(५) कोषमा रु. दश करोड नघट्ने गरी रकमको व्यवस्था गरिनेछ । चौमासिक रुपमा कोषबाट खर्च भएको रकम मन्त्रालयले प्रदेशमा अर्थ सम्बन्धी विषय हेर्ने मन्त्रालयबाट शोधभर्ना प्राप्त गर्नेछ ।”*

**आज्ञाले,**

**कोमल प्रसाद धमला**

**प्रदेश सचिव**



प्रकाशनः लुम्बिनी प्रदेश, आन्तरिक मामिला, कानून तथा सञ्चार मन्त्रालय